'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ४१ शनिवार १९ असोज, २०८१ 05 (Saturday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### प्रदेश सरकारको चरम लापर्बाही

## विद्धुतीय बस सञ्चालन नहुँदा अदालतको कारण देखाउ आदेश

नमस्ते समचारदाता
बुटवल, असोज/१८



लुम्बिनीलाई प्रदूषण मुक्त शहर बनाउने उद्देश्यले २०७७ सालको असोजमा एसियाली विकास बैंकको अनुदान सहयोगमा वातावरण-मैत्री विद्युतीय बस तथा ट्याक्सी सञ्चालन गर्ने भनी ५ थान विद्युतिय बस र १४ थान मिनी भ्यान ल्याउने निर्णय गरिएको थियो। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट लुम्बिनी हुँदै तिलौराकोट, रामग्राम र देवदहमा समेत पर्यटक र तीर्थयात्रीलाई लान लैजान क्लिन इनर्जी प्रोजेक्ट अन्तर्गत १३ करोडको लागतमा आएका ती बस तथा ट्याक्सीहरु वि.सं २०७८ सालमा नै हस्तान्तरण भएको थिए । हस्तान्तरण भएको पाँच वर्ष सम्म पनि सञ्चालनमा नआए पछि लुम्बिनी बौद्ध विश्वविद्यालय सिटी क्याम्पस बुटवलका बीए एलएलबी ७ औं र ९ औं सेमेष्टरका विद्यार्थीहरु सिमाना थापा क्षेत्री, नविन खनाल, प्रवीन तिवारी, कुलदिप तिवारी र रोशन घिमिरेले अदालत सार्वजनिक सरोकारको रिट हालेका थिए। सो सार्वजनिक सरोकारको रिट निवेदन उच्च अदालत तुलसीपुर बुटवल इजलासमा दर्ता गरिएको थियो । सो सार्वजनिक सरोकारको रिट उपर सुनुवाई गर्दै असोज १६ गते कारण देखाउ आदेश जारी भएको छ। उक्त रिट निवेदन सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, नियमावली, २०५४ तथा यातायात व्यवस्थापन कार्यविधि निर्देशिका २०६० तथा पछिल्लो संशोधनमा सेतो नम्बर प्लेटको सवारी साधनलाई हरियो नम्बर प्लेटमा परिर्वतन गर्न पाउने गरी यातायात व्यवस्था ऐन, नियमावली र निर्देशिका संशोधन गर्नु गराउनु भनि संघीय मन्त्रालयहरु, प्रदेश सरकार,यातायात विभागलाई विपक्षी बनाई दर्ता गरिएको थियो । संघीय सरकार, प्रदेश सरकार, यातायात विभागहरुको नितिगत अन्यौलता र अप्रयाप्त कानुनको कारण राज्यको करोडौं धन राशी खर्चिएको दर्जनभन्दा बढी सवारी साधनहरु लुम्बिनी विकास कोष कार्यव्यवस्था विनियमावली, २०५८ को पर्यटक परिवहनको उद्देश्य मुताविक सञ्चालन नभई ४ वर्षदेखि प्रयोजन विहीन भएको अवस्थालाई व्यवस्थित गर्नको लागि सो रिट दायर गरिएको थियो । रिट दर्ता गरेका विद्यार्थी रोशन घिमिरेले दातृनिकायले अनुदानमा दिएका यस्ता महत्वपूर्ण साधनहरु कानुनको छिद्र खोजेर संचालनमा अवरोध गरिएपछि कानुनी बाटो खोजिएको बताए ।

## सडक दुर्घटना सम्बन्धी कृतिम घटनामा अभ्यास

नमस्ते समचारदाता
कोहलपुर, असोज/१८



सडक दुर्घटना न्यूनिकरण गर्ने उद्देश्यले सडक दुर्घटना सम्बन्धी कृतिम घटनामा आधारित भै प्रतिकार्य अभ्यास गरएको छ । शुक्रबार बिहान राजश्व अनुसन्धान कार्यालय कोहलपुर नजिकै सो अभ्यास गरिएको हो । यस्लाई विपद जोखिम न्यूनिकरण तथा प्रतिकार्य अभ्यास कार्यक्रम भन्ने गरिन्छ । सशस्त्र प्रहरी बल नेपाल ३० नं. गण हेडक्वाटर तथा सशस्त्र प्रहरी बल नेपाल नंम्बर ४२ नं रिजर्भ गण शम्शेर गञ्जका प्रहरीहरु अभ्यासमा सहभागी रहेका थिए । जिल्ला र स्थानीय विपद व्यवस्थापन समिति लगायतका सरोकार वाला निकायसंगको सहकार्यमा सो कृतिम घटना अभ्यास कार्यक्रम सम्पन्न गरिएको हो । जिल्ला विपद व्यवस्थापन समिति बाँकेका संयोजक समेत रहेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालले बाँकेमा दैनिक २-३ वटा सडक दुर्घटनाका घटना हुने गरेको अवस्थामा यस्ता अभ्यास गर्नले दुर्घटना न्यूनिकरण गर्नको लागि सहयोगी भूमिका खेल्ने बताए । यस्तो जानकारी मूलक अभ्यास गरेकोमा सशस्त्र प्रहरी बल नेपाल ३० नं. गण बागेश्वरी र सशस्त्र प्रहरी बल नेपाल नंम्बर ४२ रिजर्भ गण शम्शेर गञ्जमा रहेको लुम्विनी प्रदेश स्तरीय विपद् व्यवस्थापन टिमलाई विषेश धन्यबाद दिए । नेपालमा चाडपर्वकै सायमा सडक यातायातमा अत्याधिक चाप बढ्ने तथा सवारी धनी र चालकहरुले समेत पैसाको लोभमा गाडीको क्षमता भन्दा बढी यात्रुहरु बोक्ने गर्दा अचानक सडक दुर्घटनाहरु हुने गरेका छन् । चाड पर्वको बेलामा सडक सुरिक्षत बनाउने उद्देश्यले सशस्त्र प्रहरी बल, नेपाल नं ४२ रिजर्भ गण हडक्वाटर शमशेरगंज बाँकेमा रहेको लुम्विनी प्रदेश स्तरीय विपद् व्यवस्थापन टिमबाट खटिएको टोलिएले सो कृतिम दुर्घटना उद्दार कार्य आपत परेको बेलामा सकरी गर्न सकिन्छ भन्ने भन्ने उद्देश्यले सो कृतिम अभ्यास कार्य सञ्चालन बताएको छ ।

## बन्यो विमानस्थल आएनन् जहाज

नमस्ते समचारदाता
कालीकोट, असोज/१८



कालीकोट जिल्लाको नरहरिनाथ गाउँपालिका-१, कोटबाडामा निर्माण सम्पन्न भएको सुनथराली विमानस्थल औपचारिक उद्धाटन भएको सात महिना नाघिसकेको छ। करिब ३७ वर्ष लगाएर निर्माण सम्पन्न भएको सो विमानस्थलमा अहिलेसम्म नियमित उडान हुन सकेको छैन । गत फागुन १३ गते परीक्षण उडान र १४ गते औपचारिक उद्धाटन भए पनि त्यसपछि जहाज फर्केर आएको छैन । उद्धाटनका बेला तत्कालीन उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले उडानलाई निरन्तरता दिने वचन दिनुभएको थियो तर उद्धाटन भएको सात महिना पुगिसक्दा पनि एक पटक पनि नियमित उडान हुन सकेको छैन। कोटबाडाका स्थानीय गणेश विष्टले विमानस्थल निर्माणका बेला धेरै मजदुरले ज्यान गुमाए पनि नियमित उडान हुन्छ कि भनेर आस मानेको तर यतिका समयसम्म नहुँदा खिन्न भएको बताउनुभयो । कालीकोटका बासिन्दाले आपत्कालीन रूपमा तत्कालै जिल्लाबाहिर जानुपरेमा वा बिरामी भएमा हेलिकोप्टर बाहेकको अर्को विकल्प छैन । नियमित विमानस्थल सञ्चालनमा आएमा दैनिक सुर्खेत, नेपालगन्ज जानेका लागि सहज हुने थियो । प्रतिनिधि सभाका सदस्य महेन्द्रबहादुर शाहीले कालीकोटवासीको हवाईजहाज चढ्ने हैसियत नभएको भन्ने राज्यको बुझाइ भएकाले उद्धाटन पछि जहाज नआएको प्रतिक्रिया दिनुभयो । उहाँले राज्यको दृष्टि पुग्न नसक्दा यस्तो अवस्था आएको पनि बताउनुभयो । तत्कालीन जिल्ला विकास समितिका उपसभापति तुलाराज विष्टले उडान कालोपत्रेका साथ तयार भएको तर उडान नहुँदा राज्यको सम्पत्तिको सदुपयोग गर्न नसकिएको बताउनुभयो । बनाउन पनि निकै समय लागेको र नियमित उडान हुन पनि त्यति नै समय लाग्ने देखिएको उहाँको भनाइ छ । उता नरहरिनाथ गाउँपालिकाले नियमित नभए पनि हप्ताको एक दिनसम्म भए पनि उडानका लागि पहल पनि गरेको थियो । भाडा दरलगायत केही काम गाउँपालिकाकै पहलमा भएका थिए तर अहिलेसम्म त्यसले पूर्णता पाएको छैन। गाउँपालिका प्रवक्ता तथा वडा नं ९ का वडाध्यक्ष प्रदीप बोहोराले उद्धाटनका बेला आएको नेपाल एयरलाइन्सको जहाजले तीन हजार ९५० मा रुपियाँमा उडान भर्ने सहमति भए पनि पछिल्ला दिनमा सो सहमति कार्यान्वयन नभएको बताउनुभयो । निजी क्षेत्रको तारा एयरलगायतका अरू हवाई कम्पनीले भाडा दर पाँच हजार छ सय रुपियाँ तोकेका छन् । त्यस कारण उडान हुन नसकेको बताइएको छ।




नमस्ते कर्णालीमा लेख, रचना पठाउन

namastekarnali2067@gmail.com 9847246903

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## संक्रामक रोगहरु फैलिन सक्ने खतरा

नेपालमा प्राय मौषम फेरिन लाग्दा संक्रामक रोगहरु जस्तै हैजा, झाडापखाला, डेंगु, रुघाखोकी, ज्वरो आउने आदीको संक्रमण हुने गरेको छ । केही दिन अघि मात्र भएको भारी वर्षाका कारण आएको बाढी, पहिरो तथा डुवानले गर्दा जतात्यतै हिलाम्मे भएको छ । फोहोरहरु बगेर, हिलो लेदो बगेर मानविय बस्ती तथा घरहरुमा जम्मा भएको छ । पानीको मुहानहरु भक्तिएका-पुरिएका छन् । पानीका पाइपहरु फुटेका छन् । दुषित पानीका कारण सरुवा रोगहरुको संक्रमण फैलिन सक्ने जोखिम अत्याधिक छ । यतिबेला सबैको ध्यान बाढी तथा पहिरोबाट पीडितहरुको उद्धार र राहातमा मात्र केन्द्रीत छ । तर दुषित पानीका कारण फैलिन सक्ने संक्रामक रोगहरुको संक्रमण फैलिन सक्ने विषय प्रति नजरअन्दाज गरेका छन् । सबै तहका सरकार तथ तिनीहरुका स्वास्थ्य मन्त्रालय र स्वास्थ्य शाखाहरुले यस बारेमा सजकता गराउन जनचेतना युक्त संदेशहरु अहिले देखि नै प्रचार प्रसार गराउनु जरुरी छ । हाम्रा प्रभानमन्त्रीले 'पल्ला घरका काइला बा'का जस्ता कुरा गरे अस्ती भरखर । 'मौषम विज्ञले पानी आउँछ बाढी आउँछ पो भनेको थियो त । कहाँ कहाँ आउँछ त भनेको थिएन । त्यो त आए पछि पो थाहा भयो त' । त्यस्तै हालत हुनेवाला छ संक्रमण फैलिएर । त्यसैले अहिले देखि नै सम्बन्धित निकायहरु सजक भएर यस बारेमा जनतालाई जानकारी गराई राख्नु पर्दछ । बाढी तथा पहिरोको कारण जतात्यतै फाहोरको डंगुर थुप्रिएको देख्दा पनि सम्बन्धित निकायहरुले यस बारेमा ध्यान दिएको पाइदैन । पछि हुन सक्ने संभावित दुर्घटनाबाट बच्न पहिले नै यसबारेमा सजकता अपनाउनु सबैको लागि हितकर नै हुन्छ।

# कष्टकर बन्दै दशैं यात्रा

मुरारी ढुङ्गेल



"भारी वर्षाको सम्भावना कायम रहेको भन्दै राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विज्ञप्ति जारी गरेर सतर्कता अपनाउन आग्रह गरेको छ । असोज १० देखिको अति भारी वर्षाले धेरै स्थानको जमिन गलेको हुँदा सानो वर्षा थपिँदासमेत ठुलो पहिरो जान सक्ने र कुनै पनि खोलामा एक्कासि बाढी आउने जोखिम रहेको प्राधिकरणले जनाएको छ ।"

विधिवत् रूपमा दसैँ सुरु भएको छ । दसैँमा हरेकका अनेकथरी योजना हुन्छन् । घरबाट टाढा रहेकाहरूको पहिलो योजना हुन्छ, घर कहिले जाने ? टिकट कसरी लिने ? घर जाने पक्का भएपछि मात्रै उनीहरूका अरू योजना अगाडि बढ्छन् तर यसपालि अहिलेसम्म पनि धेरैको कहिले र कसरी घर जाने भन्ने टुङ्गो लागिसकेको छैन । कारण हो, असोजको दोस्रो हप्ता तीन दिन परेको अविरल वर्षा र त्यसले निम्त्याएको विनाश । असोजको दोस्रो हप्ता नेपाल र नेपालीले अकल्पनीय घटना सहनु पर्‍यो । दसैँको मुखमा जिउधनको क्षति सहनु पर्‍यो । असोज १० गते बिहीबार साँझदेखि १२ गते मध्याह्नसम्म अविरल परेको वर्षाले हजारौँ नेपालीको खुसी लुटेको छ । सरकारी आँकडा अनुसार नै करिब साढे दुई सयले ज्यान गुमाएका छन् । वर्षासँगैको बाढीले काठमाडौँ उपत्यका र यसको आसपासमा व्यापक क्षति गरेपछि दसैँको मुखमा धेरै नागरिक निराश बनेका छन् । बाढीपहिरो प्रभावितको दर्दनाक पीडा एकातिर छँदै छ, अर्कातिर घर जान पाइने-नपाइने अनिश्चितताले धेरैलाई दसैँले छोएकै छैन । विभिन्न उद्देश्यले काठमाडौँ उपत्यकामा रहेका देशैभरका लाखौँ नागरिक यसपालि घर जान पाउँछन् कि पाउँदैनन् कुनै टुङ्गो छैन । वर्षाका कारण देशभरका विभिन्न राजमार्ग अवरुद्ध भएका छन् । कतिपय अवरुद्ध सडक खुले पनि पानी नरोकिएका कारण पटक-पटक खुल्ने/बन्द हुने अवस्था रहेको सडक विभागले जानकारी दिएको छ । सरकारले देशभरि एकै पटक सुरु गरेको सडक स्तरोन्नतिको काम, वर्षायामका कारण पहिरोले सडकमा पुर्‍याएको क्षति र निर्माण तथा मर्मतमा भइरहेको ढिलाइले राजमार्गहरू यात्रायोग्य अवस्थामा छैनन् । हरेक वर्ष दसैँ तिहारमा १५ देखि २० लाख मानिस काठमाडौँ उपत्यकाबाट बाहिरिने गरेका छन् । पेसा-व्यवसायका क्रममा उपत्यकामा रहेकाहरू दसैँ तिहार जस्ता चाडबाड मान्न भने थातथलोमै फर्किने गर्छन् । यसपालि पनि १८ लाख हाराहारी मानिस उपत्यकाबाट बाहिरिने आकलन थियो तर बाढीपहिरोले बाटो अवरुद्ध हुँदा घटनास्थापनासम्म पनि एक लाख बाहिरिन सकेका छैनन् । जसोतसो गएकाहरू तीन/चार दिनसम्म बाटोमै छन् । बाटोमा तीन/चार दिन रोकिएका यात्रुका पीडा सुनेरै धेरैले बस पाइहाले पनि जाने आँट गरेका छैनन् । अझै बागमतीसहित पूर्वी नेपालमा वर्षा भइरहेकाले उनीहरूको यात्रा झन् अनिश्चित बन्दै गएको छ । यसअघिकै वर्षाले गलेको जमिन थोरै पानी पर्दा पनि पहिरो जाने अवस्था छ । अझै दुई/तीन दिन वर्षा जारी रहे धेरैले दसैँमा आआफ्नो घर जान कठिन पर्ने निश्चित जस्तै छ । यही अवस्थामा यात्रुलाई गन्तव्यमा पुर्‍याउन नसकिने यातायात व्यवसायीले यसअघि नै स्पष्ट पारिसकेका छन् । फितलो यातायात व्यवस्थापन, असुरक्षित सडक र अधिक यात्रु चापबिच यसपालि दसैँमा यात्रा गर्नुपर्ने बाध्यता देखिएको छ । धेरैले यसपालिको दसैँमा यात्रा नगर्नेसमेत भन्न थालेका छन् । नेपालमा यस वर्ष मनसुन लम्बिएको छ । नेपालबाट मनसुन बाहिरिने सरदर मिति अक्टुबर २ तारिख हो तर मनसुन बाहिरिएको छैन । मनसुन बाहिरिने बेला बुधबारदेखि पुनः देशका विभिन्न ठाउँमा वर्षा हुन थालेको छ । यो वर्षा शुक्रबारसम्मै जारी रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । देशभर मनसुनी वायु र भारतको उत्तर-पूर्वी असाम र आसपासका क्षेत्रमा बनेको न्यूनचापीय प्रणालीको आंशिक प्रभाव रहेको उल्लेख छ । पुनः वर्षा हुन थालेपछि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । मौसमविद्का सुझाव अनुसार राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले १५ गते नै सूचना निकालेर १८ गतेसम्म सतर्कता अपनाउन भनेको छ । भारी वर्षाको सम्भावना कायम रहेको भन्दै प्राधिकरणले विज्ञप्ति जारी गरेर सतर्कता अपनाउन आग्रह गरेको छ । असोज १० गतेदेखिको अति भारी वर्षाले धेरै स्थानको जमिन गलेको हुँदा सानो वर्षा थपिँदासमेत ठुलो पहिरो जानसक्ने र कुनै पनि खोलामा एक्कासि बाढी आउने जोखिम रहेको प्राधिकरणले जनाएको छ । यो वर्षको दसैँको टीकाको दिनसम्म पनि मुलुकभरका विभिन्न स्थानमा पानी पर्ने जल तथा मौसम विज्ञान विभागले प्रक्षेपण गरिसकेको छ, जसले गर्दा दसैँमा जाने यात्रुको यात्रा सास्तीपूर्ण हुने देखिएको छ । विभिन्न सहरमा बसेकाहरू गाउँघर फर्किने भएकाले दसैँमा ठुलो संख्यामा यात्रुको आवागमन हुन्छ । दसैँमा टीका थाप्न पनि त्यत्तिकै संख्यामा यात्रुहरू एक ठाउँबाट अर्को ठाउँ पुग्छन् । हुन त सडक विभागले दसैँअघि नै मुख्य तथा सहायक राजमार्गका खाल्टाखुल्टी पुरेर यात्र सहज बनाउने दाबी गरेको छ तर गत हप्ताको अकल्पनीय क्षतिका कारण सडक मर्मत गर्ने समय निकै कम भएकाले दसैँअघि नै काम सम्पन्न गर्न कठिन छ । अविरल वर्षापछिको बाढीपहिरोका कारण सडक यातायात प्रभावित भएको मौका छोपी हवाई सेवा प्रदायकहरूले यात्रुहरूसँग मनपरी भाडा लिन थालेका छन् । बाढीपहिरोले देशभर यातायात सेवा प्रभावित भएको छ । पहिरोले सडक अवरुद्ध हुँदा काठमाडौँ उपत्यका जोड्ने सबै नाका बन्द भएका छन् । यातायात सेवा प्रभावित हुँदा अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्नेहरूले हवाई सेवा प्रयोग गर्नुपर्ने बाध्यता छ । यात्रुहरूको बाध्यताको फाइदा उठाउँदै एयरलाइन्सहरूले पहिलेको भन्दा दोब्बर भाडा असुल्न थालेका हुन् । चाडपर्वको मौका छोपेर मनपरी भाडा असुल्ने प्रवृत्ति यस पटक पनि दोहोरिएको छ । गाडी भाडा मनलाग्दी लिने परम्परा g}5 .

-गोरखापत्र






# दाङमा ब्राउन सुगरसहित तीन जना पक्राउ



नमस्ते समचारदाता
दाङ, असोज/१८

दाङमा प्रबिन्धित लागु औषध ब्राउनसुगर सहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरीले घोराही उपमहानगर पालिका-१४ नयाँ बसपार्कमा न्यु थवाङ्गी लालीगुराँस खाजा घर सञ्चालन गर्दै आएका २३ वर्षी किशोर सुनारलाई असोज १६ गते खाजा घर अगाडीबाट १ सय ८० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको हो । यस्तै सोही दिन घोराही-१४ बसपार्कमै न्यू कोसेली खाजा घर सञ्चालन गर्दै आएकी ४७ वर्षीया मिना घर्ती मगरलाई प्रहरीले ३ ग्राम ८ सय ५० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ भने घोराही उपमहानगरपालिका-१० जलौराका २० वर्षीय आकाश बुढालाई असोज १७ गते ४ सय १० मिलिग्राम लागुऔषध सहित पक्राउ गरी अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय दाङका डिएसपी इश्वर थापाले जानकारी दिनुभयो ।

# तीन जनालाई सर्वदा साहित्य सम्मान

नमस्ते समचारदाता
नेपालगन्ज, असोज/१८



सर्वदा साहित्य सङ्गमद्वारा नेपालगन्जमा आयोजित एक कार्यक्रममा दुई जना साहित्यकारका दुई कृति विमोचन गर्नुका साथै तीन जनालाई 'सर्वदा साहित्य सम्मान' बाट सम्मानित गरिएको छ । विहीबार नेपालगन्जमा आयोजना गरिएको सो कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य प्राज्ञ महानन्द ढकालले युवाकवि भीम प्रज्ज्वलको कविता कृति 'कैयौं एकहरू' र ८८ वर्षीय लेखक भूपेन्द्रप्रकाश बास्तोलाको आख्यान कृति 'चिरफार' को विमोचन गर्नुभयो । सोही अवसरमा प्रमुख अतिथि प्राज्ञ सभा सदस्य ढकालले सल्यानका कवि बुद्धिप्रसाद रेग्मी, नेपालगन्जका प्राडा. जनार्दन आचार्य र सुर्खेतका लेखक दलजीत रसाइलीलाई दोसल्ला र प्रमाणपत्रद्वारा 'सर्वदा साहित्य सम्मान' बाट सम्मानित गर्नुभयो । सो अवसरमा विमोचित कृतिका बारेमा मन्तव्य राख्दै ढकालले पछिल्लो समय कृति प्रकाशन गर्नेहरूको संख्या तीव्र गतिमा वृद्धि भएको जनाउँदै यसबाट साहित्य र लेखनप्रति स्थानीयको रुचि बढेको पुष्टि भएको बताउनुभयो । विमोचित कृतिमाथि समीक्षकहरू केआर ओली, मीना बराल र राजकुमार थारूले समीक्षात्मक टिप्पणी गर्नुभयो । नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य शशिराम कार्कीको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा सर्वदा साहित्य सङ्गमका अध्यक्ष खगेन्द्र गिरी कोपिला, जीतबहादुर शाह, प्रवेश शाह, गोल्डेन उद्भास, खेम बगर, इन्दिरा अधिकारी र दीपक आचार्य 'जलन' लगायतका कविहरूले आफ्नो रचना वाचन गर्नुभएको थियो ।
















# पासोको मद्दतले चितुवा नियन्त्रणमा



■ नमस्ते समचारदाता
बाँके, असोज/१८

बाँकेमा पासोमा पारेर जंगली चितुवालाई नियन्त्रणमा लिइएको छ । खजुरा गाउँपालिकाको सिमलघारीमा स्थानीयहरुहरुको सुझावमा वन कार्यालयले पासो बनाई थापेको थियो । सोही पासोमा पारेर चितुवा नियन्त्रणमा लिएका हुन । सिमलघारीकै जंगलमा स्थानीय बिरेन्द्र पुनकी ढाई वर्षिया नाबालिका छोरीलाई गत भाद्र ३० गते राती घरबाटै जंगली जनावरले लगेर आधा खाएको अवस्थामा शव फेला परेको थियो । बिहिबार नियन्त्रणमा परेको सो चितुवाले नै नाबालिकालाई घरबाटै लगेर खाएको हुनसक्ने आशंका गरिएको छ । सिमलघारीको सो जंगलमा बालिका मृत अवस्थामा भेटिए लगत्तै बाँके र बर्दियाका वन कार्यालय, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयले बालिकालाई आक्रमण गर्ने जनावरको खोजिमा लागेका थिए । वन कार्यालयले सो घटनामा सँभावित चितुवा हुनसक्ने आशंका गरी नियन्त्रणका लागि आधुनिक खोरको पासो बनाई सामुदायिक जङ्गलमा राखिएको थियो । १९ दिनपछि चितुवा पासोमा परेको हो । चितुवा नियन्त्रणका लागि बाँके र बर्दियाको वन तथा निकुञ्जका प्राविधिकहरुले निरन्तर प्रयत्न गर्दै आएका थिए ।

# दशैं विशेष इन्स्पाईरिङ्ग कार्यक्रम सम्पन्न

■ नमस्ते समचारदाता
नेपालगन्ज, असोज/१८




युवाहरुलाई सकारात्मक कार्यमा लाग्न प्रेरित गर्ने उद्देश्य गरिने साप्ताहिक कार्यक्रम इन्स्पाईरिङ्गको ३१८ औं श्रृङ्खला नेपालीहरुको महान पर्व दशैं विशेष कार्यक्रम सम्पन्न गरिएको छ । शुक्रबार सम्पन्न कार्यक्रममा बडादशैं २०८१ को शुभकामना आदान प्रदान गरी इन्पाइरिङ्ग युथ दशैं विशेष रुपमा मनाइएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका पूर्व उपाध्यक्ष अजित कुमार शर्मा र बास नेपालका सल्लाहकार किरण आचार्यले सम्पूर्ण सहभागिहरुलाई टिका प्रदान गरेका थिए । शुभकामना मन्तव्य दिँदै नेपाल रेडक्रस सोसाइटीका पूर्व उपाध्यक्ष अजित शर्माले आम नोपालीहरुको उन्नती र प्रगतिको कामना गर्दै बाढी प्रभावित प्रति इस्वरले दुख सहन गर्ने सक्ने शक्ति प्रदान गरुन भन्ने कामना व्यक्त गरे । कार्यक्रममा बास नेपालका सल्लाहकार किरण आचार्यले हिन्दु राज्यको रुपमा देशलाई पुन फकार्उनु पर्ने तर्क दिँदै आम नेपाली र कार्यक्रमका सहभागीहरुलाई बडादशैंको शुभकामना व्यक्त गरिन् । बास नेपालका कार्यवाहक अध्यक्ष शिवकुमार वर्माले नेपालगन्ज धार्मिक सहिष्णुताको सहर भएकोले सबै धर्मका व्यक्तिहरुले सामुहिक रुपमा दशैं मनाउँदै आएको इतिहास रहेको स्मरण गर्दै रामलिला मैदानमा हुने रामलिलाले नेपालगन्जको दशैं पृथक हुँदै आएको बताए । शुभकामना आदान प्रदान कार्यक्रममा समाजसेवी सुरज आचार्य, नेपाल रेडक्रस सोसाइटी मनिकापुर उपशाखाका सभापती नमराज सापकोटा, गेरुवा ग्रामिण जागरण संघका निवर्तमान अध्यक्ष कृष्णजंग शाह, दलित महिला संघका अध्यक्ष निर्मला सुनार लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमका सहभागीहरु नानीमाया जैसी, असोक रावल र अमिस विश्वकर्माले सांगितीक प्रस्तुतिकरण गरेका थिए । बास नेपालका जनसम्पर्क अधिकृत माधव कार्कीले स्वागत गरेको कार्यक्रमको सहजिकरण बास नेपालका कार्यक्रम संयोजक रबिन्द्र बोहराले गरेका थिए ।










नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# OdhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके